नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

## स्थानीय तहमा कामकाज गर्न निवेदन दिने बारेको सूचना

(सूचना प्रकाशित मितिः २०७५/०१/०३)

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४।१२।१४ को निर्णय बमोजिम स्थानीय तहको अन्तरिम संगठन संरचना तथा दरवन्दी स्वीकृत भएको छ । सो दरवन्दी अनुसार जनशक्ति खटाइ स्थानीय तहको सेवा प्रवाहलाई सुचारु वनाउनका लागि स्थानीय तहमा कर्मचारी खटाउने मापदण्ड २०७४ बमोजिम स्थानीय तहमा कामकाज गर्न इच्छुक कर्मचारीहरुलाई मिति २०७५।१।१८ भित्र अनुसूची १ वमोजिम निवेदनको ढाँचा भरी सम्बन्धित कार्यालय मार्फत निवेदन पेश गर्नका लागि सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>निवेदन दिने तरीका</u>

१. काठमाडौं उपत्यका भित्रका निकायमा कार्यरत कर्मचारीले तोकिएको ढाँचामा आफू कार्यरत निकाय/कार्यालयमा निवेदन दिनु पर्नेछ । सम्बन्धित निकाय/कार्यालयले सो निवेदन वुझि त्यस्ता निवेदनहरुलाई निवेदन दिने अवधि समाप्त भएको ३ दिन भित्र निवेदकको सूची सहित सम्बन्धित सेवा सञ्चालन गर्ने मन्त्रालयमा पठाउनुपर्नेछ ।

२. काठमाडौं उपत्यका बाहिरका निकायमा कार्यरत कर्मचारीले तोकिएको ढाँचामा आफू कार्यरत निकाय/कार्यालयमा निवेदन दिनु पर्नेछ । सम्बन्धित निकाय/कार्यालयले सो निवेदन वुझि त्यस्ता निवेदनहरुलाई सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको कार्यालयमा निवेदन दिने अवधि समाप्त भएको ३ दिन (२०७५/०१/१८) भित्र पठाउनु पर्नेछ । सम्बन्धित जिल्ला समन्वय समितिले त्यसरी प्राप्त भएका निवेदकको विवरण तयार गरी प्राप्त भएको मितिले ३ दिन (२०७५/०१/२१) भित्र सम्बन्धित सेवा सञ्चालन गर्ने मन्त्रालयमा पठाउनुपर्नेछ ।

३. स्थानीय तहमा कर्मचारी खटाउँदा "स्थानीय तहमा कर्मचारी खटाउने मापदण्ड, २०७४" मा उल्लेख भएको आधार बमोजिम खटाईनेछ ।

४. तपसिलका कर्मचारीहरुको हकमा निम्न व्यहोरा अनुसूचीको द्रष्टव्यमा खुलाई पेश गर्नुपर्नेछ ।

   क. पति पत्नी दुवै निजामती कर्मचारी भएको हकमा आफ्नो पति वा पत्निको:

   - कर्मचारीको नामः
   - संकेत नं. :
   - कार्यरत कार्यालयः

   ख. १ बर्ष भन्दा साना शिशु भएको महिला कर्मचारीहरुको हकमा जन्म दर्ताको विवरण समेत उल्लेख गर्नु पर्नेछ

   ग. नेपाल सरकारले निर्धारण गरेका कडा रोग लागेका कर्मचारीहरुको हकमा सो रोगसंग सम्बन्धित कागजात ।

५. सि.नं. ४ को खण्ड ख र ग मा उल्लेखित विवरणसँग सम्वन्धित कागजातहरुको प्रतिलपी अनुसूची १ को निवेदनसँग पेश गर्नुपर्नेछ ।

६. कर्मचारीले आफू खटिन चाहेको स्थानीय तहको नाम प्राथमिकताको आधारमा कम्तिमा ५ जिल्लाका १५ स्थानमा अनुसूचि १ बमोजिमको फाराममा उल्लेख गर्नुपर्नेछ ।